**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**प्रधान कार्यालय**
**कर्जा असुली विभाग**

# नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

**(प्रकाशित मिति : २०८१/०९/२८)**

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लिखित शाखाहरूबाट कर्जा पार्टीहरूले उपभोग गरेका कर्जाहरूको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लिखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चलअचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो, सोको मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/१०/१३ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी बोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफूले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा, मिल मेसिनरी र सवारीसाधन खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात् मिति २०८१/१०/१३ गते) को भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको ११:०० बजे सम्बन्धित शाखामा बोलपत्र दाताहरू वा निजका प्रतिनिधिहरूको उपस्थिति तथा अन्य प्रतिनिधिहरूको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्र दाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सन्ड्री क्रेडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तीमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानत पत्र वा Managers Cheque/Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
४. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरू आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्र दातालाई दिइने छैन ।
६. जग्गा, घर टहरा, मिल मेसिनरी र सवारीसाधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रूपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
७. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयंले व्यहोर्नुपर्नेछ ।
९. निम्न उल्लिखित जग्गा, घर टहरा, मिल मेसिनरी र सवारीसाधन छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नवीकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रूपमा केरमेट नगरी लेख्नुपर्नेछ, अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
१२. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरू राखी पेश भएको बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन ।

## तपसिल

**कर्जा भएको शाखाः समनपुर शाखा, सिल टेन्डर बुझाउने शाखाः कटहरिया शाखा**

**१. ऋणीको नाम :- सोनु सुरज स्टोर, प्रोप्राइटरः श्री भगवान साह, ठेगाना : साबिक लक्ष्मीनिया-२, रौतहट**

| सवारीको विवरण | फाराम दस्तुर |
|---|---|
| नेपाल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय, पर्सामा दर्ता रहेको, दर्ता नं. प्र. २-०३-००१च ४१८१, बनेको साल २०२१, सिलिन्डर सङ्ख्या ४, च्यासिस नं. MA1ZN2TBKM1D41453 र इन्जिन नं. TBM1D15720, भएको Mahindra Bolero SCXL FBPS 2WD सवारी थान १ । | रु. १,०००/- |

**२. ऋणीको नाम :- सोनु सुरज स्टोर, प्रोपाईटरः श्री भगवान साह, ठेगाना : साबिक लक्ष्मीनिया-२, रौतहट**

| जग्गाधनीको विवरण | ठेगाना | सुरक्षणको विवरण | | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| | | कि.नं. | क्षेत्रफल (बिगाहा) | | |
| सुखली कल्वारीन | रौतहट जिल्ला, साबिक लक्ष्मीनिया-२ | ५४२ | ०-२-१०-० | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३,०००/- |